शिखर नगरपालिकाको शिक्षण अनुदान व्यवस्थापन कार्यविधि,२०७८

प्रस्तावनाः नेपालको संविधानको कार्यान्वयनसंगै देश संघीयतामा गए पछि आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा आइ आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर उकास्नका लागि स्थानीय तहको मुख्य जिम्मेवारी हुन पुगेको छ । यस शिखर नगरपालिका अन्तर्गत संचालित अधिकांस सामुदायिक विद्यालयहरुमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी अभाव भएकाले शिक्षक दरबन्दी अभावको समस्या न्युनीकरण गरी सिकाइमा गुणस्तर ल्याउन वाञ्छनिय भएकाले शिखर नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको दिएको अधिकार प्रयोग गरी **शिखर नगरपालिकाको शिक्षण अनुदान व्यवस्थापन कार्यविधि,२०७८** कार्यविधि बनाइ लागू गरिएको छ।

परिच्छेद-१
प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम " **शिखर नगरपालिकाको शिक्षण अनुदान व्यवस्थापन कार्यविधि,२०७८"** रहेको छ।

ख) यो कार्यविधि शिखर नगरपालिकाभरी लागू हुनेछ।

ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) **'नगरपालिका'** भन्नाले शिखर नगरपालिका सम्झनुपर्छ।

ख) **'नगर सभा'** भन्नाले शिखर नगरपालिकाको नगर सभा सम्झनु पर्छ।

ग) **'कार्यपालिका'** भन्नाले शिखर नगरपालिका नगरकार्यपालिकालाई सम्झिनुपर्छ।

घ) **'ऐन'** भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ।

ङ) **'नियमावली'** भन्नाले शिक्षा नियमावली,२०५९ सम्झनु पर्छ।

च) **'दरबन्दी'** भन्नाले संघीय सरकारबाट विद्यालयलाइ प्राप्त स्वीकृत शिक्षक दरबन्दी जनाउँछ र सो शब्दले राहत अनुदान कोटा समेतलाइ जनाउँछ।

छ) **'शिक्षा शाखा'** भन्नाले शिखर नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

ज) **'वडा'** भन्नाले शिखर नगरपालिकाका ११ वटै वडाहरुलाई सम्झनु पर्छ।

झ) **'विद्यालय'** भन्नाले यस नगरपालिकाका अन्तर्गत संचालित सामुदायिक विद्यालय सम्झनु पर्छ।

ञ) **'शिक्षण अनुदान'** भन्नाले विद्यालयहरुमा शिक्षक अभावलाइ कम गर्नका लागि प्रति शिक्षकका दरले नगरपालिकाबाट वार्षिक एकमुष्ठ रुपमा दिइने अनुदान सम्झनु पर्छ।

ट) **'विद्यालय व्यवस्थापन समिति'** भन्नाले शिखर नगरपालिका क्षेत्रभित्रका शिक्षण अनुदान पाउने विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

ठ) **'तोकिएको' वा 'तोकिए बमोजिम'** भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

परिच्छेद-२

शिक्षक अनदानका शिर्षक सम्बन्धी व्यवस्था

३. यस नगरपालिकाको नगर सभाबाट शिक्षा, युवा तथा खेलकुद शाखा वा वडाको वार्षिक बजेटमा शिक्षक वा शिक्षण अनुदान व्यवस्थापन शिर्षकमा बजेटको व्यवस्था गरी स्वीकृत गराउनु पर्नेछ।

परिच्छेद-३

विद्यालय छनौट तथा शिक्षण अनुदान वितरण

४. **विद्यालय छनौटका आधारहरुः** शिक्षण अनुदान वितरणका लागि विद्यालय छनौटका आधार देहायबमोजिम हुनेछनः

क) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन भएको हुनु पर्ने।

ख) विद्यालयले नियमित रुपमा सामाजिक परीक्षण गरेको हुनु पर्ने।

ग) विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण गरेको हुनु पर्ने।

घ) विद्यालयले नियमित रुपमा शैक्षिक तथ्याङ्क (IEMIS) भरेको हुनु पर्ने।

ङ) विद्यालयमा शून्य दरबन्दी वा विद्यार्थी अनुपातका आधारमा दरबन्दी अपुग भएको हुनु पर्ने।

५. शिक्षण अनुदान वितरणः विद्यार्थी अनुपातका आधारमा दरबन्दी कम रहेका विद्यालयहरुलाई तहगत रुपमा बढीमा देहाय अनुसार मासिक पारिश्रमिक पाउने गरी बढीमा बाह्र महिना बराबरको पारिश्रमिक रकम छनोट भएका विद्यालयलाइ शिक्षण अनुदान वितरण गर्न सकिनेछ।

क.स.	तह	मासिक रु.
१	माध्यमिक (११-१२)	रु २५,०००।—
२	माध्यमिक (९-१०)	रु २०,०००।—
३	आधारभूत (६-८)	रु १५,०००।—
४	आधारभूत (१-५)	रु १०,०००।—

परिच्छेद-४

शिक्षण अनुदानबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षकको नियुक्ति सम्बन्धी व्यवस्था

६. शिक्षक भर्ना तथा नियुक्ति सम्बन्धी व्यवस्थाः विद्यालयले उपलब्ध शिक्षण अनुदानमा शिक्षण सेवा लिंदा देहाय अनुसार गर्नु पर्नेछ—

क) सम्बन्धित तहको विषयगत शिक्षक दोहोरो नपर्ने गरि प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने।

ख) छनोट भएका शिक्षकलाइ विद्यालयले करार सम्झौता गर्ने । यो करार अवधि सामान्यतः एक शैक्षिक सत्रको लागि हुने।

ग) विद्यालयले आगामी वर्षहरुका लागि शिक्षण अनुदान प्राप्त हुने सुनिश्चितता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले यसै कार्यविधि अनुरुप शिक्षण सेवा करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादनका आधारमा प्राथमिकता दिइ पुनः शिक्षण सेवा करार गर्न सक्ने ।

७. करार सम्झौता रद्द हुनेः देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ ।

क) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा।

ख) शिक्षक आचार संहिताको पालना नगरेमा।

ग) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक रुपमा नगरेमा।

घ) यस कार्यविधिका आधारमा प्राप्त हुने अनुदान रोक्का भएमा ।

परिच्छेद-५

विभिन्न निकायको भूमिका

८.शिक्षा शाखाको भूमिकाः शिक्षण अनुदान व्यवस्थापनका लागि शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछः

क) शिक्षण अनुदानका लागि विद्यालयको प्राथमिकता क्रम निर्धारण गरी छनोट गर्ने।

ख) छनौट परेका विद्यालयलाइ तोकिए अनुसार एकमुष्ट रकम निकासा गर्ने।

ग) छनौट भएका शिक्षकको काम कार्वाहीको बारेमा समय समयमा अनुगमन गर्ने।

घ) शिक्षण सिकाइ सुधारका लागि विद्यालयसंग समन्वय गर्ने।

ङ) आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने, गराउने।

९.वडाको भूमिकाः शिक्षण अनुदान व्यवस्थापनका लागि वडाको भूमिका देहाय बमोजिम हुनेछः

क) वडाको बजेटबाट शिक्षण अनुदान दिनु पर्ने भएमा अनुदानका लागि विद्यालयको छनोट गर्ने।

ख) छनोट परेका विद्यालयलाई तोकिए अनुसार एकमुष्ट रकम निकासाका लागि विद्यालयलाई सहजीकरण गर्ने।

ग) शिक्षण अनुदानबाट तलब भत्ता खाने शिक्षकको छनोटमा सहजीकरण गर्ने।
घ) शिक्षण सिकाई सुधारका लागि आवश्यक समन्वय र सहयोग गर्ने।

१०.विद्यालयको भूमिकाः शिक्षण अनुदान व्यवस्थापनका लागि विद्यालयको भूमिका देहाय बमोजिम हुनेछः

क) प्रचलित ऐन, नियम अनुसार शिक्षक नियुक्तिको व्यवस्था मिलाउने।
ख) छनोट भएका शिक्षकको करार सम्झौता गर्ने।
ग) शिक्षकको लागि थप आचारसंहिता आवश्यक पर्ने भए सोको तयारी गरी विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराइ कार्यान्वयन गर्ने।
घ) करार सम्झौतामा उल्लेख भए अनुसारको सुविधाहरु उपलब्ध गराउने।
ङ) शिक्षा शाखाको निर्देशानुसार काम गर्ने।

परिच्छेद-६

व्याख्या र संशोधन

१०.कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै प्रावधान वा विषयमा दुविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ।

११.बाधा अड्चन फुकाउः स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय नगर कार्यपालिकाले गर्नेछ।

१२. कार्यविधि संशोधनः यस कार्यविधिका प्रावधानहरुमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

परिच्छेद-७

खारेजी र बचाउ

१३.बाझिएमा अमान्य हुनेः यस कार्यविधिमा उल्लेख भएका व्यवस्था तथा प्रावधान प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

१४.बचाउः यो कार्यविधि प्रारम्भ हुनुअघि विद्याल तथा विद्यालयका शिक्षकहरूलाई उपलब्ध गराईएको अनुदान यसै कार्यविधि बमोजिम उपलब्ध गराईएको मानिनेछ।